# नार्पा भूमि गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड .... संख्या ...... मनाङ २०७४ असार २६ गते

## भाग–१

### नार्पा भूमि गाँउपालिकाको आर्थिक ऐन २०७४

## नार्पा भूमि गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

च्याँखु, मनाङ

प्रदेश नं. ४, नेपाल

# स्थानीय तहको आर्थिक ऐन २०७४

## नार्पा भूमि गाँउपालिका अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयेक

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः–२०७४/०३/२६

प्रस्तावनाः नार्पा भूमि गाउँपालिका आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथाशुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नार्पा भूमि गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्तनाम र प्रारम्भ :
   १) यस ऐनको नाम "आर्थिक ऐन २०७४" रहेको छ।
   २) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि नार्पा भूमि गाउँपालिका क्षेत्रमा लागु हुनेछ।

२. सम्पत्ति करः गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत/सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. भूमि कर (मालपोत)ः गाउँपालिका क्षेत्रभित्र अनुसुचि(२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

४. घर बहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्रब्यापार, ब्यबसायवा सेवामा पूँजीगतलगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिमव्यवसाय कर लगाइने र असूलउपल गरिनेछ।

६. व्यवसाय करः गाँउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक र कारोवारका आधारमा अनुसुचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

७. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले

निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

८. सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइनेछ र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. मनोरञ्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

११. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोहि अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिप  लायर र न्या  टङ शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जीजम्पिङ, जिप  लायर र न्या  टङ सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. सेवा शुल्क र दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवा ग्राहीबाट सोही अनुसुचीमा व्यवस्था भए अनुसार

शुल्क लगाइने र असुल उपर गरिनेछ।

१५. पर्यटन शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसुची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१६. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको ब्यबस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची १

(दफा २ सँग सम्बन्धी)

नेपालको संविधान धारा २२८ (२) बमोजिम

स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र.सं. | कर शिर्षकको नाम | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| | | | |

## अनुसूची २

(दफा २ सँग सम्बन्धी)

नेपालको संविधान धारा २२८ (२) बमोजिम

स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र. सं. | कर शिर्षकको नाम | आर्थिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| १. | मालमोत असुलि प्रति रोपनि | २००००।– | |
| २. | सम्पत्ति मूल्याङ्कन शुल्क रु. १ लाख सम्मको लागि प्रतिलाख रु. १०० र १ करोड माथि थप ५० प्रतिशत | १५०००।– | |

## अनुसूची ३

(दफा २ सँग सम्बन्धी)

नेपालको संविधान धारा २२८ (२) बमोजिम

स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र.सं. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| १. | नेपाल टेलिकम टावर | २२५००।– | |

अनुसूची ४
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) बमोजिम
स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र. सं. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| १. | होटेल र रेष्टुरेण्टको कर वार्षिक प्रति १ होटेलबाट | १०००।– | |

अनुसूची ५
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) बमोजिम
स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र. सं. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| १. | फू र नार गाँउको यार्सागुम्बा संकलनको रकमको वार्षिक रु. | १०,००,०००।– | |
| २. | काठको पुर्जि संकलनबाट वार्षिक रु. | ३००००।– | |
| ३ | यार्सागुम्बा निकासी कर प्रतिकेजी | २००००।– | |
| ४ | नार ढुङगा गिटि संकलन शुल्क | ३००००।– | |
| ५ | फू ढुङगा गिटि शुल्क | २००००।– | |
| ६ | नार गाँउको बालुवा संकलन | १००००।– | |

अनुसूची ६
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) बमोजिम
स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र.सं. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

## अनुसूची ७
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) बमोजिम
स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र.सं. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

## अनुसूची ८
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) बमोजिम
स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र.सं. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

## अनुसूची ९
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) बमोजिम
स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र.सं. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

## अनुसूची १०
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) बमोजिम
स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र.सं. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसूची ११
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) बमोजिम
स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र.सं. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसूची १२
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) बमोजिम
स्थानीय तह कर लगाउन सक्ने क्षेत्र

| क्र.सं. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| १. | ना खोला र था खोला विद्युत शुल्क | २००००।– | |
| २ | व्यक्तिगत घट्ना दर्ता म्याद नाघेको | ५०।– | |
| ३ | ढल निकास सेवा शुल्क प्रतिघर | २०।– | |
| ४ | हातहतियार नवीकरण शुल्क १ हतियार बराबर | १०००।– | |
| ५ | मुचुल्का गरेको प्रति मुचुल्का | ५००।– | |

आज्ञाले,

....................

प्रमुख प्रशासकीय अधिकृत